क्रम संख्या- ५४

# मेरो जीवन यात्रा

भिक्षु शाक्यानन्द महास्थविर
आनन्द विहार
तान्सेन

आनन्दकुटी
२० २९
विहारगुठी

२०४३

रु.

Downloaded from http://dhamma.digital



भिक्षु शाक्यानन्द महास्थविर

Downloaded from http://dhamma.digital

क्रम संख्या- ५४

# "मेरो जीवन यात्रा"

भिक्षु शाक्यानन्द महास्थविर

आनन्द विहार

तान्सेन

आनन्दकुटी
२० २९
विहारगुठी

२०४३

रु. २/५०

Downloaded from http://dhamma.digital

प्रकाशक :–

**"आनन्दकुटी विहारगुठी"**

( सं. द. नं. १/०३१ प्र. जि. अ. का. का. )

आनन्दकुटी विहार, स्वयम्भू,

काठमाडौं, नेपाल ।

फो. नं. २–२४४२०

बुद्धाब्द: २५३०

वि. सं. २०४३

ने. सं. ११०७

ई. सं. १९८७

प्रथमावृत्ति १०००

मुद्रक:–

**लूजः प्रिन्टिङ्ग प्रेस**

क्षेत्रपाटी, काठमाडौं ।

Downloaded from http://dhamma.digital

# दुइ शब्द

पूज्य उप–सङ्घनायक शाक्यानन्द महास्थविर वर्तमान नेपाली भिक्षुहरूको क्रममा दोस्रो जेठो महास्थविर हुनुहुन्छ । उमेरको हिसाबले वहाँ ७५ वर्ष पुगी सक्नु भएको छ । भिक्षुत्व भावले अर्थात् उपसम्पन्नताले चाहिं वहाँ ५१ वर्षावास पुरा भइसक्नु भएको छ । भिक्षुहरूको वर्ष गिन्ती चाहिं वर्षावासको हिसाबले गरिन्छ । कुनै भिक्षुसँग कुनै भिक्षुले "तपाइँ कतिवर्ष हुनुभयो ?" भनी सोध्नुको मतलब तपाइँको कति वर्षावास भयो भनी सोधिएको हो ।

वहाँको यो "मेरो जीवन यात्रा" बाट पाटकहरूलाई त्यस ताकाको परिस्थिति, वहाँको जन्मस्थानको प्रवृत्ति र त्यस बखतका राज–कर्मचारीहरूको चेतनमा बुद्धधर्म प्रति कस्तो भावना रहेछ भन्ने कुराको साथसाथै गाउँघरमा बस्ने अधिकारीहरूले बौद्धहरू प्रति कुन दृष्टिले हेर्छन् भन्ने कुराको चित्रण यसमा पाइन्छ। वर्तमान थेरवाद बुद्धधर्मको इतिहास जान्न चाहने विद्यार्थीहरूको लागि प्रस्तुत पुस्तक सहायक सिद्ध हुनसक्छ भन्ने मलाई विश्वास लाग्छ ।

अहिले सम्मको उहाँको जीवनीबाट पाल्पा र बुटवलका जनताहरूको बीचमा बुद्धधर्मको जागृति ल्याउन वहाँबाट जति त्याग तपस्या भएको छ त्यति कसैबाट भएको छैन । अध्ययनपछि बर्माबाट फर्केर आउनु भएदेखि वहाँ आजसम्म पाल्पामा नै बस्नु भएको छ ।

जसरी वहाँ निरोगी र सबल हुनुहुन्छ त्यसैगरी जीवनभर वहाँ निरोगी र सबल हुन सकोस् भन्ने मेरो हार्दिक प्रार्थना छ ।

फागुन १२, २०४३ भिक्षु अमृतानन्द

आनन्द कुटी विहार
स्वयम्भू, काठमाडौं ।

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

आनन्द कुटी विहार गुठीको ५४ प्रकाशनको रूपमा नेपालका उप-संघनायक पूज्य शाक्यानन्द महास्थविरको "मेरो जीवन यात्रा" नामको यो पुस्तक तपाई पाठकहरू सामू राख्न पाउँदा गुठीलाई अति खुशी लागेको छ। नेपालमा बुद्ध धर्मको ज्योति फिंजाउन मिहेनत गर्नु भएका मध्ये वहाँ श्रद्धेय भन्ते पनि एक हुनुहुन्छ। तसर्थ वहाँको जीवनीबाट हामीलाई केहि न केहि शिक्षा अवश्य पाउने छौं। वहाँको त्याग र तपस्याद्वारा हामी सबैमा पनि बुद्ध धर्म प्रति जागरण ल्याउन सकोस् यही मेरो कामना छ।

पोष्ट बक्स ३००७
काठमाडौं
फोन २२४४२०

**भिक्षु मैत्री**
सदस्य सचिव
आनन्द कुटी बिहार गुठी

Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# "मेरो जीवन यात्रा"

## गृहस्थीम्मा छँदा

नेपाल अधिराज्य अन्तरगत सगरमाथा कोसी अंचलमा भोजपुर जिल्ला पर्दछ। पहिले यसलाई पूर्व ४ नरबर भनिन्थ्यो।

बि. सं. १९६७ साल यही भोजपुरको खिकामाछा टक्सार भन्ने ठाउँमा बाबु, आमा, छोरा र बुहारी भएको एउटा सानो परिवारमा मेरो जन्म भयो । म आफ्नो बुबा श्री कुलधन शाक्य र मुमा श्रीमती चिरीमायाको काखमा लुडीबुडी खेल्न पुगे । आफ्नो बाज्यबज्यैको प्यारो नानी भएकोले १२ वर्षको उमेरदेखि ललितपुर पाटनमा बसी उनीहरूको प्यरिका छाहारी मुनि हुर्के बढें । म २० वर्ष पुग्दा नपुग्दै मेरो सिरबाट बाज्य रत्नधन बज्यै पुण्य थकुंको रसीलो प्यारको छाहारी हट्यो । वहाँहरूको परलोक भएपछि ४५ दिनको क्रिया कर्मको लागि पिताजी भोजरपुरबाट काठमाडौं आउनु भयो । श्राद्धकर्म समाप्त भएपछि पिताजीसँगै भोजपुर आएँ ।

वाल्यावस्थामा पनि धर्म चर्चा, बुद्धमंत्रको जप, वज्रयोगिनीको ध्यान, अष्टमिब्रत विनय आदिमा मन आकर्षित हुने गर्दथ्यो करीब २ वर्षसम्म भोजपुरमा यही क्रमले दिन ब्यतीत गरिसकेपछि ललितपुरको जुजुमान साहु कहाँ गएर मूल दिक्षा लिन पुगें । सत्तोधर्म गर्ने बिधि सारा ज्ञान गरेपछि भोजपुर फर्केर सत्तोधर्म पालनामा लाग्न थालें ।

Downloaded from http://dhamma.digital

# गृहत्याग

यसैबेला भिक्षु महादान भोजपुर आउनु भएको थियो । वहाँको सत्संगतले गर्दा मनमा वैराग्य उठ्न थाल्यो । आमा बाबुहरूले मलाई गृहस्थको जंजालमा पार्न अनेक प्रयत्न गर्नु भयो तर भगवानको कृपाले गर्दा गृहस्थ आश्रममा प्रवेश नगरी भिक्षु महादान कै साथ लागेर बि. सं. १९८७ मा गृहत्याग गरें । अरुण नदीको तीरमा पुग्दा दुइ दाजुहरू र एउटा भाइ तीनजनाले मेरो बाटो छेक्न आए । मैले दृढ संकल्प गरिसकेको हुँदा मैले भने "म घर फर्कन्न । मलाइ घर फर्काउने व्यर्थको प्रयत्न नगर्नु होस । तपाईंहरूको त के कुरा श्री ५ महाराजाधिराज नै सवारी भएता पनि म अब घर फर्कन्न ।" यति भनेर म आफ्नो बाटो लागें उनीहरू टोल्हाएर म तिर हेर्दै रहे अनि निराश भएर घर फर्के ।

यो १९८७ सालको कुरा थियो ।

म सरासर धनकुटा गएँ । अर्को दिन महादान भिक्षुको साथमा लागेर धरानतिर लागें । यही क्रममा विराटनगर अनि जोगबनी रेल्वे स्टेशन पुगें । रक्सौलको टिकट लिएँ अनि वीरगंज २ दिन बसें । वहाँ एकजना ज्ञानीपुरुषसंग भेट भयो । मलाइ देखेर वहाँले भन्नुभयो– "हे भक्त ! तिमीलाई यौवनकै अवस्थामा वैराग्य आएको देखेर म कृतार्थ भएकोछु । तिमी अब पछाडि नफर्क सिंह सार्थ बाहुको कथाको स्मरण गर ।" ती शब्दहरू मेरो हृदयमा राम्रैसित खोपिए । त्यसपछि "नमोबुद्धाय" चैत्यको दर्शन गरें । बनेपा ..........मा आइपुग्दा ३०० तीनसय मानन्धर (सायँमि) हरूको नामसंगीतिका गुरू वक्ता



Downloaded from http://dhamma.digital

सिंह मानन्धरसंग भेट भयो । उनको पनि भिक्षु महादानसंग सत्संगत भएकोले ती सारा तीनसय मानन्धरहरूले पञ्चशील पालन गर्न थाले । म्हेपि भन्ने ठाउँमा आइपुग्दा एकजना ज्ञानीपुरुषसंग भेट भयो । वहाँ-सित भएको वार्तालाप संक्षेपमा यस प्रकार थियो ।

ज्ञानीपुरुष– "तिमीले वैराग्य किन लियौ ?"

म– गृहजञ्जाल अतिनै दुःखपूर्ण छ । कामरागमा भुलेर वस्नु उचित होइन त्यसैले गृहत्याग गरेर हिंडें ।

ज्ञानीपुरुष– कामरागबाट भयभीत अब कता जाने बिचा गरेका छौ ?

म– टाढा जङ्गलको एकान्त ठाउँमा ।

ज्ञानीपुरुष– कामरागको उत्पत्तिनै एकान्तमा हुन्छ । के गर्छौं ?

उनको यस प्रश्नको जवाफ मैले दिन सकिन । एवं प्रकारले

ठाउँ ठाउँमा हण्डर ठक्कर खाँदै म मनकामना पुगें । त्यहाँ एउटा साधुसंग भेट भयो । चारदिन जति त्यहाँ बसें । प्राणीहरूप्रति दया करुणा नराखी अतिनै हिंसा कर्महुने ठाउँ भएकोले मलाई त्यहाँ बस्न मन लागेन । भिक्षु महादानसंगै म बन्दिपुर आएँ । त्यहाँ एकजना ब्राह्मणसंग भेट भयो । उनीसंग धेरै ज्ञान गुणको विषयहरूमा छलफल भयो । मदेखि ब्राह्मण खुशी भएर मलाई १५ दिनसम्म श्रद्धा भोजन गराए । घुम्दा घुम्दै गोरखा आइपुगें । ५ दिनपछि १ दिन भिक्षा टन गर्दै एउटा उपासक कहाँ पुगें । त्यहाँ एउटा भोटे कुकुर रहेछ । मलाई देख्ने बित्तिकै भुक्दै आयो भिक्षा पात्र उहीं फालेर म भागें । त्यसैबेला घर धनी आएर कुकुरलाई समात्यो । मुटु ढुकढुक भैरहेकोले एकछिन त कुरै गर्न सकिएन । कुकुरलाई बाँधि सकेपछि मलाई भिक्षा



Downloaded from http://dhamma.digital

दिएर पठाए । भिक्षा लिएर भिक्षु महादान छेउ आएर सारा हाल बताएँ । यस्तो दुर्घटना सुनेर वहाँ अतिनै दुःखित हुनु भयो ।

एकदिन वहाँले भन्नुभयो " भो महाभाग्य ! हामी दुवै अब अलग्गिहुँ ।" त्यसै दिनदेखि हामीहरू अलग्गियौं । यही क्रममा म आरूघाट आइपुगें । दुइसाता जति वहां बसें । माघेसक्रान्ति दिन भिक्षाटनबाट ३ पाथिजति चामल र दश रूपियाँ जति दक्षिणा प्राप्त भयो । उहीं नेपाली ललितविस्तर एक फेरि अध्ययन गरें । यसले मेरो बुद्धि र दृष्टिकोणलाई विस्तारित गरायो । त्यहाँबाट पोखरा आइपुग्दा मोहरिया टोलका दिल्लिमान उपासकले निकै श्रद्धा व्यक्त गर्नु भयो । वहाँबाट विदा भएर तानसेनको सडक आइपुग्दा चुन्तली नाउँ भएकीले "ए भिक्षु ! ए भिक्षु !" भनी बोलाई रहनु भएको रहेछ । फर्केर हेरें हातको इशाराले डाकी रहनु भएको थियो । उनकै घरमा पसें । कुशल वार्ता गरें । एकदिन उहीं बसें । श्रद्धालु उपासिकाले भोजन दान गर्नुभयो । ज्ञाति बन्धुहरू पनि भेटघाट गर्न आउनु भयो । तानसेनको टक्सारमा एउटा सानो बिहार र चैत्य छ उहीं सात दिन बसें । ज्ञातिवर्गबाट पनि निमन्त्रणा पाएँ । त्यहाँबाट बुटवलको पद्म-चैत्य विहारमा बास गरी बसें। यहीं हस्तिरत्न, मोतिकाजी, सेतुकाजी, अनन्तराज शाक्य आदि ज्ञातिहरू संगत गर्न आए । यहीं सच्चिदानन्द स्वामीसंग भेट भयो । प्राणायाम समाधिका केही कुरा वहाँले सिकाइ दिनुभयो । दुइ साता दिन जति त्यहाँ बसेर भगवान बुद्धको जन्मस्थान लुम्बिनीको दर्शन गर्न पुगें ।



Downloaded from http://dhamma.digital

# अध्याय द्वितिय

त्यहाँबाट फर्केर बुटवल आएँ। अनन्तराज शाक्य, सेतुकाजी, मोतिकाजीहरूका साथ चैत्र महिनामा कुशीनगर गएँ। वहाँहरू बुद्ध दर्शन गरी कुशीनगरबाट फर्कनु भयो। म उहीं बसें। चन्द्रमणि गुरूज्यूसंग भेट भयो। "हे गुरूज्यू! मलाई श्रामणेर तुल्याइ दिनुहोस" भनी वहाँको समक्ष गएर अनुरोध गरें। वहाँले दुइसाता जति मेरो परीक्षा गर्नुभयो। ममा कुनै दोष नभेटिएकोले वि. सं. १९८९ साल चैत्र शुक्ल अष्टमीको दिन प्रव्रज्या गरी दिनु भयो। तपाईको वंश शाक्य भएकोले तपाईको नाउँ "शाक्यानन्द" भयो भनी भन्नुभयो। एक महिना जतिमा श्रामणेर शिक्षापद सारा सिखें।

## श्रामणेर भएपछि

त्यसपछि अलंकाका भिक्षु श्रद्धानन्दसंगै लुम्बिनी गएर २६ दिन बसें। उहीं ७ दिनको जरोले गर्दा भिक्षु श्रद्धानन्द लुम्बिनी उद्यानमा नै परलोक हुनु भयो। उही दिन श्रीलंकाको एकजना उपासक पनि उहीं आइपुग्नु भयो। श्रीलंकाका बाबाको मृत्यु भएको कुरा थाहा पाएर वहाँले अपशोच व्यक्त गर्नुभयो। श्रद्धानन्द बाबाको मृतक शरीरको संस्कार गरियो र यो खबर चन्द्रमणि गुरूज्यूलाई पुऱ्याउँ भनेर हामी दुवै जना कुशीनगर जानेतिर लाग्यौं। बीच बाटोमा उपासकले भन्यो—

"तपाईसंग रूपैयाँ छन कि ?"



Downloaded from http://dhamma.digital

"३० तीस रूपियाँ जतिहोला।" मैले भनें।

"श्रामणेरहरूको दसशीलमा रूपियाँ पैसा छुन हुंदैन त्यसैले ती रूपियाँहरू मलाई दिनुहोस म लिई राख्छु।" उसले भन्यो।

शीलमा विश्वास भएकोले मसंग भएको जम्मा रूपियाँ उसलाई सुम्पिदिएँ। गोरखपुरमा आइपुग्दा विहान ८ बजेतिर उसले मलाई एउटा रूपियाँ दिएर भन्यो– "रोटी खान जानुहोस।"

म रोटी खान जादाँसम्म उसले ड्राइवरलाई मेरो मोटर भारा दिएर टिकट किनेछ र आफु कता सुइ कुच्चा ठोकेछ। त्यसदिन दिनभरी उसलाई खोज्दै हिडे तर उसंग भेट भएन। अर्को दिन कुशीनगर जान मोटरमा वसेको बेलामा जिनानन्द बाबासंग भेट भयो। वहाँसंगै कुशीनगर गएँ र चन्द्रमणि गुरूज्यूलाई श्रीलंकाका बाबाको मृत्यु भएको खबर सुनाएँ। यो खबर सुनेर वहाँले अतिनै अपशोच गर्नुभयो।

बैशाख पूर्णिमा नजिकै थियो। बोधिरत्न गुरूजु बैशाख पूर्णि उत्सव हेर्नलाई बुटवलबाट कुशीनगर आउनु भएको थियो। उत्सव समाप्त भएपछि गुरूजुसंग बुटवल आएँ। मानमुनि रत्नमुनि उपासकहरूका घरमा ४ दिन जति बसें। वहाँबाट बिदा भएर तानसेन टक्सारको महाचैत्य बिहारमा बास गरी बसें। त्यसबेला चेतमान लगायत अनेकौं उपासकहरू संगत गर्न आउनु भयो। त्यसैबेला वर्षावासभित्रै (१००) एकसय जति कन्याकुमारीहरूलाई दानप्रदान कार्य सम्पन्न भयो। काजिधारामा कुटी बनाइ एक महिना जति बास गरें। त्यसपछि सारनाथ पुग्दा त्यहाँ उ कित्तिमा भन्नेसंग भेट भयो। बुद्धमूर्तिहरूको



Downloaded from http://dhamma.digital

दर्शन गरी सकेपछि महाबोधि सोसाइटी हेर्न गएँ । देवप्रियज्यूले धर्मपद एउटा दान गर्नुभयो । पुस्तक पाएर मन प्रसन्न भयो । त्यसपछि बुद्ध· गयामा गएर श्रीलंका विहारमा बसें, बुद्ध मन्दिरहरूका बुद्धमूर्तिहरूको दर्शन गरेपछि उरुवेल गएँ । त्यहाँ पुग्दा बुद्धले ६ वर्षसम्म दुष्कर तपस्या गर्नु भएको कुरा स्मरण भएर आयो । बुद्धगयाबाट सासनश्री भन्तेसंग विदा भएर कुशीनगर आउदा धर्मलोक भन्नेसंग भेट भयो ।

## बर्मा यात्रा

त्यसैबेला अच्युतानन्द श्रामणेर श्रीलंकाबाट फर्कनु भएको थियो । चन्द्रमणि गुरूज्यूले अच्युतानन्दलाई बर्मा पठाउने व्यवस्था मिलाई राख्नु भएको थियो । त्यसैबेला गुरूज्यूसंग मैले पनि अच्युतानन्दसंग बर्मा जाने इच्छा व्यक्त गरें ।

"तिमीसंग कति रुपियाँ छ ?" गुरूले भन्नुभयो ।

'२४ चौबीस रूपियाँ छ " मैले भने ।

"त्यतिले पुग्दैन" गुरुले भन्नुभयो ।

मलाई भने बर्मा जाने प्रबल इच्छा थियो । खर्च नपुगेकोले धर्मलोक भन्नेसंग सलाह गरें । वहाँले पाँच रूपियाँ जति दिनु भयो । त्यसपछि गुरूज्यूले अरू पाँच रूपियाँ थपी दिनु भएकोले ३४ चौतीस रूपियाँ भयो । बाटो खर्चको हिसाव गर्दा त्यत्तिले रंगुनसम्म पुग्ने भयो । गुरूको पत्रहरू लिएर वि. सं. १९९० सालमा अच्युतानन्दसंगै बर्मातिर प्रस्थान गरें । कलकत्तामा बर्माको धर्मशाला गयौं र त्यहाँको विहारका भन्तेलाई गुरूजीको पत्र दियौं । कलकत्ताबाट रंगुनमा च्याच्यु खाइ नाउको दायकलाई तार पठायौं । तीनदिनको विस्तार



Downloaded from http://dhamma.digital

पछि रंगुनसम्मलाई १४ रूपियाँको २ टिकट लिएर पानीजहाजमा बस्न गयौं। कलकत्ता र वर्माका भन्तेहरूले सारा वन्दोवस्त मिलाई दिनु भयो। बाटोमा पर्ने कुराहरू पनि सबै बताई दिनु भयो। जहाजमा टिकट चेक गर्ने अधिकारी आयो र आफ्नो कर्तव्य गर्न थाल्यो। टिकट चेक गर्ने काम समाप्त भएपछि पानीजहाज र जमीन-सित जोडिएको सिंढि झिकियो। सिठी बज्यो अनि जहाजले प्रस्थान गऱ्यो।

पानीजहाजको यात्रा कहिल्यै गरेको थिएन त्यसैले अनौंठो अनौठो अनुभव भैरहेको थियो। कलकत्ता झन झन टाढा हुँदै गयो। अन्दाजि ३ हजार जति मानिस बोकेर हिंडेको त्यो जहाज एउटा सानो चिटिकको शहर जस्तै देखिन्थ्यो। हिन्दु होटल, मुस्लिम होटलहरू थिए। आ-आफ्ना जात हेरी होटलमा पस्ने गर्दथे। भातखाने अथवा पुडिखाने यात्रुहरूको इच्छानुसारको भोजनको व्यवस्था थियो। फलफुलका दोकान पनि उहीं थिए, मिठाइका दोकान पनि उहीं थिए। दुइ दिनको जल यात्रापछि जहाज जलैजलले परिपूर्ण सागरमा पुग्यो; ह्वि ह्वि बतास लगातार चलिरहेको थियो। बाहिर हेर्दा न जमीन देखिन्थ्यो नरूखहरू; नघरहरू देखिन्थ्यो नबस्तीहरू। दृष्टिले पुगे भेटाएसम्ममा अपार जल राशि मात्रै फैलिएको थियो अरू केही देखिदैनथ्यो। जलबाटै सूर्योदय भएर जलैमा अष्टाएको दृश्य देखिन्थ्यो। चारदिशाहरूमा कुन दिशा कता हो छुत्याउन पनि गाहारो थियो। यो पानीजहाज यहीं पानीभित्रै डुब्यो भने के होला ? भन्ने कल्पना कहिले कहिले आउने गर्दथ्यो। एवं प्रकारले चारदिनको दिन



Downloaded from http://dhamma.digital

विहानको १० बजेतिर रंगुनको चैत्यको गजुर देखियो। बुद्धभक्त साराले स्वेदगौं चैत्यतिर फर्केर नमस्कार गरे। मैले पनि उनीहरूकै साथमा दुबै हात जोडे। पानीजहाज सर्कंदै गयो दिउँसोको १२ बजेतिर रंगुन पुगियो। पानीजहाजैबाट रंगुन देखिनाले मेरो मन अति प्रसन्न भयो। मानिस ओराल्नुभन्दा अघि फेरि एक पटक टिकट चेक हुन थाल्यो। अतिनै भीड थियो। भीड़ बिस्तार बिस्तारै कम हुने बित्तिकै हामी पनि आफ्ना सामान कुल्लीहरूलाई बोकाई पानीजहाजबाट उत्र्यौं। टिकटको चेक बाटोमा हुँदै थियो टिकट बुझाएर हामीहरू बाहिर निस्कयौं।

चयां च्यु खाई दायकले हामीहरूलाई मोटर पठाउनु भएको थियो।

ड्राइभर आएर सोध्यो–"चन्द्रमणि गुरूका शिष्यहरू तपाईहरूनै हुनु हुन्छ कि ?"

अच्युतानन्दले भन्नुभयो–"हो हामीहरूनै हो।"

मोटरमा बसेर हामीहरू तयतो ताइ; ताउँ भिलू बिहार गयौं। त्यहाँका उ केतुमाला भन्तेलाई वन्दना गऱ्यौं; गुरूज्यूको पत्र दिएर भलो कुशल वार्ता गऱ्यौं।

## स्वेतगुं चैत्यको दर्शन

फागुणको पुर्णिमाको दिन ट्रायममा बसेर स्वेतगु चैत्य दर्शन गऱ्यौं। चैत्यको सिंढि चढ्ने ठाउँमा दाआँ वायाँ पसलै पसलहरू थिए। पुष्प, धूप, मैनबत्ति सबै पसलमा सजाइएको थियो। धूप एक मुठ्ठा र मैनबत्ति लिएर हामीहरू चैत्यतिर उक्ल्यौं। त्यहाँको मनोरम दृश्यले



Downloaded from http://dhamma.digital

देवलोकको सम्झना भएर आयो। मैनबत्ति धूप बालेर बुद्धवन्दना गऱ्यौं। चारैतिर हेर्दै परिक्रमा गऱ्यौं। हेरे हेरेका ठाउँमा जतातत पहेंलो सुन घसिराखेको दृश्य देखिन्थ्यो। स्वयम्भू खास्तिभन्दा पनि ठूलो स्वेदगु चैत्य सारालाई पहेंलै सुनले लिपिएको थियो। त्यो दृश्य देखेर मन अतिनै प्रसन्न भएँ। त्यहाँबाट झरेर डाताजि फया, कुताजि फया, छुले फयाको दर्शन गर्न गयौं। त्यसपछि चिडिया घर गयौं; बुदोजि फया दर्शन गरेपछि बंगाली बिहारमा गयौं। रंगुन सहरको दृश्य अतिनै मनोरम थियो।

## मोलमिनको यात्रा

रंगुनबाट मोलमिन शहरका उ चक्कपाल भन्तेलाई तार दियौं। उही दिन रातीको नौ बजेको ट्रेनमा बसेर मोलमिन हिड्यौं। अर्को दिन बिहान मर्तमा स्टेशन पुग्यौं। ट्रेनबाट उत्रेर फेरी पानीजहाजमा बसेर पानीको बाटो पार गयौं अनि मोलमिन शहर पुग्यौं। उ सोभित भन्ते मोटर लिएर हामीहरूलाई लिन आउनु भएको थियो। भन्तेलाई वन्दना गरेर मोटरमा बस्यौं अनि ताऊँ पाउ च्याऊँ बिहार गयौं। उ पञ्ञा नायक भन्ते तथा उ चक्कपाल भन्तेलाई वन्दना गरेर पत्र दियौं। हिन्दुस्थानको सबै हाल सोध्नु भयो। हामीले जानेसुने जति बताई दियौं। हामीलाई बस्नलाई एउटा कोठाको व्यवस्था गरिएको थियो। गुन्द्री, झुल, तकिया हामीलाई दिइयो। त्यहाँ च्यतालां नाउँको बडो ठूलो चैत्य रहेछ। सम्पूर्ण चैत्यलाई सुनले लिपिएको थियो। राती बिजुली बत्तीको प्रकाशमा त्यसको दृश्य अत्यन्त मनोरम र मनोहर देखिन्थ्यो। मोलमिन शहरबाट करीब ८ मील जति टाढा समुद्रको



Downloaded from http://dhamma.digital

किनार च्यखमि फया छ त्यहाँको बुद्धमूर्ति अति राम्रो लाग्यो। मोलमिनबाट ताऊँवाई भन्ने ठाउँ करीब २ कोश टाढा पर्छ । त्यहाँको निर्वाण बुद्धको मूर्ति पनि अति सुन्दर र दर्शनिए छ। समुद्रको किनारमा उभिएको यो मोलमिन शहर अति रमणीय देखिन्छ। जताततै पक्कै अलकत्राले पोतिएका सडकहरू लम्बेतान परिरहेको देखिन्छ। मोटर बस तथा गाडीहरू बडो सुगमत्ताका साथ जताततै सलल गुडिरहेको देखिन्थ्यो। यहाँका दर्शनीय वस्तुहरूमा घदौकोण्डा फया अतिनै सुन्दर छ जहाँ हात्तीको दन्तमा बुद्धमूर्ति अङ्कित गरिएको छ। ६० हजार जति आवाडी भएको यस शहरमा ताउपाउ बिहारैमा मैले बास गरें। प्रारम्भमा बर्मा भाषाको ज्ञान नभएकोले अतिनै दुःख भयो। चक्कपाल भन्तेले क्रमानुसार मलाई बर्मेली भाषा सिकाई दिनुभयो। ६ महिनाको अवधिमा मैले भाषा सिकें। यहीं मैले बौद्धग्रन्थहरूको अध्ययन क्रम प्रारम्भ गरें। पालि भाषा नामपदमाला आयातपदमालाको अध्ययन समाप्त गरेपछि उसोभित भन्तेले मलाई बालावत्तार अभिधानपदीपिका पढाई दिनुभयो। परियत्ति सद्धम्मपाल सभाको प्रथम कक्षाको परीक्षा दिने तैयारी गर्दै थिएँ त्यसैबेला गुरू चक्कपालबाट मलाई "उपसम्पदा" बन भनी आज्ञा भयो। गुरूबचनलाई शिरोधार गरें। विक्रम सम्वत १९९२ सालको माघ कृष्णपक्षको सप्तमि रविवार को दिन ६१ जना भिक्षुहरूमध्ये मलाई पनि मेधें सयादो भन्तेले आफू उपाध्याय भएर उपसम्पदा गरीदिनु भयो। तीनवर्षपछि पालि भाषाको प्रथम कक्षामा उत्तिर्ग भएँ। द्वितिय कक्षामा २ वर्ष लगाएर पनि उत्तिर्ण हुन सकिन। पछि यही बिहारमा आवुसो अनिरूद्ध तथा आबुसो अमृतानन्दसित भेट भयो। तीन महिनापछि आवुसो अमृता-



Downloaded from http://dhamma.digital

नन्दले श्रीलंकाको लागि प्रस्थान गर्नुभयो; आबुसो अनिरूद्ध पालि भाषाको अध्ययनमा लाग्नु भयो ।

## बर्मादेशको भ्रमण

मेरो बर्मा निवासको अवधिमा उ चक्कपाल भन्ते संग संगै अपरबर्मा, माण्डले जेरवाइ आदि स्थानहरू हेर्ने सौभाग्य प्राप्त भयो । माण्डले शहरमा संघराजा संग पनि भेट भयो । यहाँ त्रिपिटकका शब्द हरू तथा त्रिपिटकका अरू कथा सारा शीलाहरूमा लिपिबद्ध गरेर अङ्कित गरिएको छ । बर्माको राजाले १८ करोडको खर्च लगाएर त्रिपीटकलाई शिलामा अङ्कित गराएका रहेछन् ।

उ खन्ति नाउँ भएको एकजना ऋषिले त्रिपिटकको अरू कथालाई शिलामा अङ्कित गराएका रहेछन् । श्रद्धालु पुरूषहरूको यस्तो अपार श्रद्धा र आस्था देखेर मलाई अति नै प्रसन्नता लाग्यो । महाम्या फया नाउँको बुद्ध मन्दिर पर्वतमा स्थापित चैत्य बुद्ध मूर्तिहरू अति राम्रो देखिन्छ । जेखाई जाने बाटोमा एउटा ठूलो पुल पर्छ । यसको विशालता यसैबाट अनुमान गर्न सकिन्छ । यस विशाल पुलमा तीन वटा ठूलो तथा फराकिलो बाटोहरू छन् । बीचको बाटोबाट रेल हिड्ने गर्छ । यसको दायाँ बायाँका सडकहरूबाट मानिस, एक्का, मोटर आदि आवत जावत गर्ने गर्दछन् । यो पुल निर्माण करोडौंको लागतमा बनेको थियो । यस पुलबाट हिड्ने व्यक्तिहरूसित सरकारले २ पैसा लिने गरेको थियो । पुलमा खर्च गरिएको करोडौं रूपियांको धन यहि प्रति व्यक्तिबाट हुने २ पैसाको आम्दानीबाट पूर्ति गर्ने व्यवस्था गरिएको थियो ।



Downloaded from http://dhamma.digital

जेखाई पर्वत पनि अति नै रमणीय छ। ठाउँ ठाउँमा चैत्य र बुद्धमूर्तिहरूले सोभायमान् भएको छ। कतै ३० तीसवटा गुफा छन् भने अर्को ठाउँमा ६० साट्ठीवटा गुफा छन्। भावना ध्यान गर्ने भिक्षु-हरू यिनै गुफाहरूमा जाने गर्छन्। मेंगु शहरको विशाल चैत्य त्यहाँको विशाल आकारको घण्टा, विशाल काय सिंह तथा विशाल जलाशयहरू दर्शनीय छन्। यसै ठाउँमा एउटा अनाथालय बर्मा सरकारबाट संचालित गरिएको थियो। लुला लंगडा, अन्धा, बहिरा, बुढा बुढि, कुप्रा आदि निस्सहायहरूको खाने, पिउने, लाउने आदिको व्यवस्था सारा सरकार बाटै गरिएको थियो। हरेक असल कुरामा बर्मा सरकारको श्रद्धा भएको देखेर मेरो मन हर्षले गद्गद् र कृतार्थ भयो।

एक पटकत म २ महिना जति बिरामी भएँ। त्यसबेला बर्माका दाताहरूले म प्रति श्रद्धा राखेर आमा बाबुले आफ्ना सन्तानको सेवा शुश्रूषा गरेझैं म बिरामी प्रति सेवा शुश्रूषा पुऱ्याए। एकजना भिक्षु भिक्षाटन गए पनि २–३ जनालाई खान पुग्ने जति संकलन हुन जान्थ्यो। यसबाट पनि बर्मका दाताहरूको श्रद्धा र उदारता प्रष्ट हुन जान्छ। यति मात्रै होइन परिक्षामा उत्तीर्ण हुने भिक्षुहरूले दर्जा अनुसारको पुरस्कार उपहार यिनीहरूबाट प्राप्त गर्ने गर्छन्।

७–८ वर्ष जति लोअर बर्मामा बसें। यही समय भित्र विनय तथा अभिधर्मार्थसंग्रह अध्ययन गरें। लोअर बर्माको मोलमिन शरह-बाट गुरु चक्कपालबाट विदा भएर एक्लै रंगून आएँ र सासना-लंकार विहारमा २–४ दिन बसें। एकदिन राति स्वेतगुन् चैत्य दर्शन गर्न गएँ। विजुली बत्तीको प्रकाशमा जगमगाएको चैत्य देखेर



Downloaded from http://dhamma.digital

मलाई यहाँका श्रद्धालु दाताहरूको उदारता सद्भावनालाई सम्झें। बर्माका यस्ता श्रद्धालु व्यक्तिहरू जस्तै अरू ठाउँमा छँदै छैन होला जस्तो मेरो मनमा भावना उठ्यो। त्यसैबेला कित्तिमा भन्ने सित पनि भेट भयो र उहाँसित आवश्यक कुशल वार्ता भयो। यहि सिलसिलामा हाम्रा नेपाली भिक्षु सासनज्योतिसँग भेट गर्न गएँ। बङ्गाली सोसाइटीले भिक्षु महाप्रज्ञालाई प्रदान गरेको बङ्गाली त्रिपिटक मध्ये ११ पुस्तक दिएर पठाए। ती पुस्तकहरू लिएर सासानालंकार विहारमै फर्कें।

## बर्माबाट वापस

भिक्षुलाइ साथमा लिएर आफ्ना सामानहरू सहित पानीजहाज को स्टेशन (बन्दरगाह) मा आयौं। २० रू को टिकट एउटा लिएँ र कलकत्ता हिंड्ने जहाजमा चढें। मलाई विदा दिन आउनु भएका भन्ते चन्द्रवंश फर्कनु भयो। पानीजहाजको सिटी बज्यो। पानीजहाज विस्तार विस्तारै रवाना हुन थाल्यो। रंगून शहरलाई एक पटक राम्रै सित हेरें; स्वेतगु चैत्यको गजुर देखदा सम्म "नमोतस्स" पढदै चैत्यको दर्शन गर्दै रहें। वर्मा छोडेको दिन मनमा बडो नरमाइलो लाग्यो। जहाज चढेको चौथो दिन दिउँसो १२ बजे कलकत्ता आइपुगियो। टिकट बुझाएर पानीजहाजबाट उत्रेर एक्का चढी बङ्गाली विहार गएँ। उहीं आवुसो प्रज्ञारश्मि र कर्मशील भन्ते सित भेट भयो आवश्यक कुशल वार्ता भयो। भोलिपल्ट भाजुरत्न साहु, मणिहर्ष साहुको कोठीमा गएर भोजन गरें। साहुहरूसित वर्माका कुराहरू बारे बडो वेलि विस्तारसित भयो। साहुहरूसँगै लागेर कलकत्ताको चिडियाघर र अजाएब घर हेर्न गएँ। बर्मामा



Downloaded from http://dhamma.digital

अनिरूद्धले दिनु भएको पत्र पुऱ्याउन माधव साहुसंग भेट्न गए। भोलिपल्ट कर्मशील भन्ते, भाजुरत्नसाहु, मानदास साहुहरूसंगै रातको ९ बजे स्यालदा स्टेशन आइ सिलगढीको टिकट लियौं र रेलमा बस्यौं। रेलमा बङ्गाली छात्रहरूको एक दफ्फासँग भेट भयो। उनीहरूसित बौद्ध धर्मको बारेमा २-४ कुराहरू छलफल भयो। भोलिपल्ट विहान ६ बजेतिर रेलले सिलगढी ल्याइपुऱ्यायो। माल-सामान कुल्लीलाई बोकाई ट्याक्सी लिएर कालिङ्पोङ्ग हिंड्यौं। बिहान १० बजेतिर यहाँ आइपुग्यौं। भाजुरत्नको घर पुगी भोजन गरे पछि सामान कुल्लीलाई बोकाई त्रिपाई डाँडामा महाप्रज्ञा भन्ते बस्नु भएको विहारमा गयौं। वर्माबाट पठाइ दिएको बङ्गाली पुस्तक ११ थान बुझाइ दिएँ। डेढ़ महिना जति कालिङ्पोङ्गमा बसेपछि दार्जिलिङ्ग हेर्न गएँ। त्यहाँ मानकाजीको गुम्बा हेरें र उहाँसित धर्म बारेमा छलफल भयो। पछि महाप्रज्ञा भन्तेबाट विदा भएर वैशाक पूर्णिमालाई कुसिनगर गएँ। बुटवलवाट विशुद्धानन्दलाई उपसम्पदा गराउन मानमुनि र रत्नमणि साहुहरू आउनु भएको रहेछ। उप-सम्पदाको कार्य समाप्त गरेपछि वहाँहरूसँगै म बुटवल आएँ। बुटवलमा २ दिन जति बसी तानसेनको महाचैत्य विहार टक्सारमा बास गरें। त्यसबेला धर्मलोक भन्ते काठमाडौं र मुक्तिनाथ यात्रा गरी फर्कनु भएको रहेछ। उहाँका साथमा आउनु भएका चारजना उपासिकाहरू आनन्द विहारमा बस्नु भएको थियो। पुस्तक छपाउन उहाँहरू वनारस जानु भयो। म ६ महिना सम्म तानसेनमै बसें। वर्षावास पछि ४ जना उपासिकाहरूलाई लिएर सारनाथ हिंड़ें। सारनाथको मेला हेरी कुशीनगर फर्यौं। १५ दिन भित्रैमा आरती



Downloaded from http://dhamma.digital

र विरति दुवै प्रव्रजित भइन् । त्यसको १ महिना भित्रमा विशाखा पनि प्रवजित भइन् । ६ महिना जति कुशीनगरमै वास गरें । त्यसपछि धर्मालोक भन्तेसँग काठमाडौं गएर किन्दोल विहारमा वर्षावास गरें । वर्षावास सकिएपछि होनचत्रेमा योगरत्न गुरूजुसित १।। महिना जति बसी अभिधमार्थसंग्रहका कुराहरूमा धेरै छलफल भयो । आवुसो अमृतानन्दसँग भेट भएपछि उहाँले मलाई मेरो जन्मस्थान भोजपुर एक पटक जान सल्लाह दिनुभयो । त्यहि सल्लाह अनुसार म भोजपुर आई शाक्यमुनि विहारमा पुग्दा सकल बन्धु ज्ञानीवर्गहरू मसँग भेट गर्न आउनु भयो । त्यस वर्षको वर्षावास त्यहीं भयो । वर्षावास सकिएपछि एक पटक भिक्षाटन गर्न पनि हिँडें । यसै बखत् काठमाडौं मा "महापरित्राण हुने भएकोले तपाईं चाँडै काठमाडौं आइपुग्नु होस्" भन्ने पत्र भिक्षु अमृतानन्दबाट पाएँ । सकल शाक्यमुनि विहार वासिहरूबाट विदा भएर एउटा भरियाको साथ लागी पहाडको बाटो भएर काठमाडौं आइपुगें । त्यहि किन्दोल विहारमा धर्मलोक भन्ते र आवुसो अमृतानन्दसित भेट भयो । भाई अमृतानन्दले पर्वत स्थानमा कार्तिक महिना भरि धर्म व्याख्यान गर्नु भयो । दानपारमिता, विश्वन्तर जातक; सिवी जातक; सस जातक विषयमा उहाँले व्याख्या गर्नु भयो । शील पारमिताको विषय लिएर संखपाल नागराजा को जातक सुनाउनु भयो । भाई अमृतानन्दको यस धर्म प्रवचनले श्रोतागणहरूमा अत्यन्त राम्रो र गहिरो प्रभाव जमायो । धर्म प्रचारको शुरुआत पनि यहाँ देखि हुन थाल्यो । यसबाट नेपालमा पञ्चशील, अष्टशीलमा बस्ने श्रद्धालुजनहरूको संख्या बढ्न थाल्यो । यसै क्रममा प्रत्येक पूर्णिमामा बुद्ध पूजा गर्ने प्रचलन पनि चल्न थाल्यो ।



Downloaded from http://dhamma.digital

कार्तिक पूर्णिमाको दिन पर्वतस्थानमा विशाल मण्डप वनाई विजुली बत्तीको प्रकाशले शोभायमान गराई पूर्ण घटस्थापना गरी बन्धन सूत्र फैलाएर श्रीलंकाको नियमअनुसार महापरित्राणको पाठ भयो। धर्मलोक भन्ते; शाक्यानन्द भिक्षु; अमृतानन्द भिक्षु; सुमंगल श्रामणेर; प्रज्ञारश्मि श्रामणेरहरूले परित्राण पाठ गर्नु भयो। महापरित्राण सुत्र आउने श्रोतागणहरू असंख्य मात्रामा थिए। प्रतिपदाको दिन महापरित्राणको बिसर्जन भयो। सम्पूर्ण श्रोताहरूलाई परित्राणको जल सूत्र प्रशाद वितरण गरियो। यसपछि हामी सबै किन्दोल विहारमा फर्यौं। धेरै धेरै उपासक उपासिकाहरूले भिक्षुहरूलाई दान प्रदान गरे। परित्राण सुत्र आउनेहरूलाई पनि दाताहरूले भोजन गराइ पठाए। यही वर्षलाई नेपालमा बौद्धहरूको जागरण भएको वर्ष मान्न सकिन्छ। त्यसै वर्ष चैत महिनामा भाई सुबोधानन्द भिक्षु आउनु भयो र वैशाख भरीनै किन्दोल विहारमा कथा सुनाउने क्रमलाई चालु राख्नु भयो। यसले धेरै मानिसहरूलाई धर्म देसना सुनी धेरै बोध भयो। यही वर्षमा भाई अमृतानन्द, कर्मशील भन्ते; धर्मलोक भन्ते; शाक्यानन्द; शुबोधानन्दहरूको सक्रिय सहयोगले गर्दा वैशाख पूर्णिमाको दिन बुद्ध जयन्ती वडो धुमधामसित मनाइयो। प्रातः कालमा कर्मशील भन्तेबाट उपासक उपासिकाहरूलाई शील प्रदान गर्नु भै बुद्धपूजा भयो। विहान ८ बजे सुबोधानन्दबाट दानपारमिताको कथा सुनाउने काम भयो। दिउँसो ३ वजेतिर अमृतानन्दबाट शीलपारमिता बारे प्रवचन भयो। श्रोतागणहरूको अपार भिड थियो। साँझ शाक्यानन्दबाट भावना कथा सुनाइयो। उपासकहरूले ज्ञानमाला, भजन गरी अहोरात बिताए। यसैले गर्दा नेपाली जनताले वैशाख पूर्णिमाको



Downloaded from http://dhamma.digital

महत्व बूझ्दै आए । उक्त बैशाख पूर्णिमाको कार्यक्रम समाप्त भएपछि धर्मलोक भन्तेको आग्रह अनुसार सुबोधानन्द उहिं बस्नुभयो । भाई अमृतानन्द संगै रक्सौलको राहदानी बनाई त्यहाँसम्म संगसंगै आयौं। उहाँ बनारस जानुभयो । म भोजपुर आएँ । यस ठाउँमा मेरो दोश्रो आगमन थियो । ग्रामबासीहरू भेटघाट गर्न शाक्यमुनि विहार आइपुगें । खिकामाछा ग्रामवासीहरू सुबोधानन्द भोजपुर आउँदै हुनुहुन्छ भनेर अत्यन्त खुशी भएका थिए तर उहाँलाई काठमाडौंमै रोकिनु परेकोले तिनीहरू साह्रै निराश भए । श्रावण महिना भरि धर्मदेशना गरें । बाल बालिकाहरूलाई कल्पवृक्ष एक बोट पनि दान गरे । यसै बेला मलाई नयाँ अनुभव गर्नु पर्‍यो । यस अनुभवले तत्कालिन नेपालको स्थिति, नेपालको प्रशासन ब्यवस्था; नेपालको तत्कालिन ऐनकानून; मानिसहरूको बौद्ध धर्म प्रतिको अज्ञानता आदिको बारेमा त्यस घटनाले प्रष्ट गर्छ । घटना यस प्रकारको छ । केही अबौद्धहरूले मप्रति अभियोग लगाइ सजायको मांग गरी सरकारी कार्यालयमा लेखा पढि गरेका रहेछन् । ममाथि उनीहरूको लाञ्छना यस्तो थियो :-

"(१) शाक्यानन्द भिक्षुले विवाहिता नारीहरूलाई अष्टशील दियो ।

(२) दुइ चारजना पुरूषहरू र दुइ चारजना स्त्रीहरूलाई कुशीनगर लगेर बौद्ध धर्ममा मोड्न लागेका छन् ।

यस्तो हुन दियो भने देश भाँडिने छ । त्यसैले त्यस भिक्षुलाई ऐन सवाल बमोजिम सजाय दिलाइ देश निकाला गरी पाउँ ।"



Downloaded from http://dhamma.digital

वर्षावास सकेर म काठमाडौंको लागि प्रस्थान गर्दै थिएँ पारपानी भन्ने ठाउँमा बास बसेको बेला १७ जना सिपाहिहरू (पुलिस-हरू) म कहाँ आएर उनीहरूले भने–"भिक्षु ! तिमीलाई बडा हाकिम साहेबले मर्जी भएको छ गौंडा गोश्वरा हामीसँगै हिंड" भनेर मलाई समाती लगे। राती अड्डामा पुऱ्याएर गारतमा थुनी राखे। अर्को दिन १० बजे अड्डा लागेपछि म सँग अनेक सवालहरू सोधेर बयान लिइयो। मैले जाने बुझेको जति जम्मै कुरा बताइदिएँ। सारा बयान उनीहरूले लेखे। ज्ञान गुभाजु जमानी बसेकोले मलाई गौंडामा कागजमा हस्ताक्षर गराएर छाडिदिए। तैपनि काठमाडौं पठाइएको मेरो कागजको जवाफ नआउँदा सम्म मलाई फुर्सत दिएनन्। "बुद्ध मार्गीहरूले बुद्ध धर्ममा मोड्दा कुनै बाधा छैन" भनेर अढाइ महिना पछि काठमाडौंबाट जवाफ आयो। त्यहाँबाट फुर्सत पाएपछि सबै भोजपुर वासीहरूसित बिदा भएर कुशीनगर पुगेर चन्द्रमणी गुरुको दर्शन गरें। उहाँले १२ धार्नीको धलौटको बुद्धमूर्ति एउटा दिनुभयो। त्यही मूर्ति लिएर कुशीनगर आउँदा धर्मचारी, विरति, विशाखा, धर्मशीलाहरूसित भेट भयो। यही वर्ष विमोक्खा अनागरिका भएकी थिइन्। बुद्धमूर्ति साथ धर्मशीला, विशाखा र म बुटवल हुँदै तानसेन आयौं। तानसेनबाट पोखरा प्रस्थान गरें। रामनवमीको लागि पोखराबाट मुक्ति क्षेत्र हिंडें। त्यहाँ हिउँको अनुभव गरें। यस यात्रापछि पोखरा आइ १५ दिन जति धर्म देसना गरें। कित्तिमा भन्तेले दिनु भएको बुद्धमूर्तिको यात्रा वैशाक पूर्णिमाको दिन भयो। यो जयन्ती वडो धुमधामसंग मनाइयो। दर्शनार्थीहरुको



Downloaded from http://dhamma.digital

प्रशस्त संख्याले वडो रमाइलो देखिन्थ्यो । यसै वर्ष महाप्रज्ञा भन्तेले पोखराको बुद्ध विहारमा एउटा बुद्ध मूर्तिको स्थापना गर्नु भएको थियो । पोखराको धर्मशीलाको विहारमा २० दिन वस्नु भएर उहाँ बुटवल आउनु भयो । वैशाख पूर्णिमा समाप्त हुने वित्तिकै बुद्धमूर्ति लिएर म तानसेन आएँ । त्यहाँ टुडिखेल निरको आनन्द विहारमा वर्षावास बसें । श्रावण महिना भरी उहीं धर्म देशना भयो । यो २००१ सालको कुरा हो । त्यसैवेला काठमाडौंबाट ८ जना भिक्षुहरू देश निकाला भएको थियो । तीमध्ये कोही कुशीनगर गए कोही कालिङ्पोङ्ग गए । श्रावण महात्म्य समाप्त गरी म पोखरा गइ २ महिना जति बसें । फेरि तानसेन आएर सारनाथ गएँ । त्यसपछि बलंबु गएर १५ दिन जति बसें । बनेपामा १५ दिन जति बसें । त्यसंबेला ज्ञानमाला सम्बन्धि मुद्दा चलेको थियो । यंगो विहारमा १ हप्ता जति बसें अनि फेरि बलंबु नै फर्कें । एकदिन आनन्द कुटि गएँ ; किन्दोल विहारमा रातभरि वसें । फेरि बलंबु गएँ । एउटा भरियाको साथमा लागेर त्रिशुली पुल ( शांगु ) गएँ । त्यहाँबाट पोखरा आई वैशाक पूर्णिमा मनाइयो । तानसेनको आनन्द विहारमा वर्षावास भयो । यो २००२ सालको कुरा हो । त्यसैबेला तानसेनमा लुम्बिनी जात्रा पनि भयो । आनन्द विहारमा एउटा बुद्धमूर्ति को स्थापना भयो । मूर्तिकारक गणेशलाल हुनुहुन्थ्यो र यसमा रङ्गभर्ने काम गङ्गाप्रसाद उपासकबाट भएको थियो । वर्षावाष समाप्त भएपछि खेमाचारी र विवेकाचारी दुईजना संगै श्रीलंका गएँ । वजीरारामा डेढ महीना; रत्नपुरमा १५ दिन वसेर मातर भन्ने ठाउँ पनि हेर्न



Downloaded from http://dhamma.digital

गएँ । खेमाचारीहरुलाई मोरतुदुवामा छाडेर आबुसो चुन्दको साथमा पोलगाहावेल गएँ । कँन्डिमा दाठाधातु भएको करन्दुको दर्शन गरें । त्यहाँबाट पोलगाहावेल फर्के । अनुराधपुरको महाचैत्य दर्शन गर्न गएँ । सँघमित्राले लगेको वोधिवृक्षको पनि दर्शन गरें। त्यहाँबाट भोजन उपरान्त रेलवे स्टेशनमा आई चुन्दलाई पोलगाहा वेलको टिकट लिइदिएँ र मैले मद्रासको टिकट लिएँ । ट्रेन हिंड्ने तलाईमन्दार भन्ने ठाउँ आइपुग्यो । रातभरी त्यहीं बसी अर्कों दिन ट्रेनमा बसी पानीजहाजको वन्दरगाहमा पुगें । पानीजहाजमा ३ घन्टा जति चढेपछि जहाजबाट ओर्लेर ट्रेनमा बसेर मद्रास आइपुगें । मद्रास बाट कलकत्ता, कलकत्ताबाट बनारस, बनारसबाट सारनाथ आइपुगें । सारनाथमा सुबोधानन्दसित भेट भयो । हामी दुवै बनारस आएर फोटो खिच्यौं । उहाँ विश्वविद्यालय जानुभयो म बुटवल फर्के । खेमाचारीहरुको खवर बुद्धिलाल बुद्धलक्ष्मीहरूलाई सुनाएँ ।

२००३ सालको मेरो वर्षावास तानसेनमा बित्यो । किन्तिमा भन्तेले दिनुभएको बुद्धमूर्ति विवेकानन्दले भोजपुरमा लैजानु भयो । आजसम्म पनि त्यो मूर्ति त्यहीं छ । भोजपुरमा यसै बुद्धमूर्तिको प्रत्येक वैशाक पूर्णिमाको दिनमा जात्रा हुने गर्दछ । यसवर्ष कल्पवृक्ष दानको क्रमलाई जारी राखेर ६ बटा कल्पवृक्ष दानगर्न समर्थ भएँ । तानसेन को आनन्द विहारमा २ पद्म चैत्य विहार बुटवलमा १; महा चैत्य विहार टक्सारमा १; यंमंगल विहार काठमाडौंमा १; शाक्यमुनि वहार भोजपुरमा गरी जम्मा ६ वटा कल्पवृक्ष दान गरें । वर्षावाष



Downloaded from http://dhamma.digital

पछि सारनाथको मेला हेर्न गएँ । त्यहाँबाट चैत्र महिनामा बुटवल फर्कदा बुटवलमा मुसेरोग (प्लेग) को महामारी फैलिरहेको थियो । मानिसहरू आफ्नो प्राण रक्षाको लागि बुटवल छोड्दै भागा भाग गरिरहेका थिए । म पनि रत्नमणि साहुसँगै नौतनवाको श्रीनिवास भन्तेको विहारमा १८ दिन बसें र रत्नमणि साहुसँगै काठमाडौं गएँ ।

त्यसवेला नेपाल अधिराज्यको एक भागबाट अर्कोभाग जान पनि अत्यन्त कठिन हुन्थ्यो । या त पहाडको बाटो भएर महीनौं दिन सम्म हिंड्नु पर्दथ्यो अथवा भारतको भूमि कुचेर मात्रै ३-४ दिन लगाएर आफ्नै देशको अर्को भागमा पुग्नु पर्दथ्यो । यस अवस्थामा चुडाकर्मको लागि तानसेन र बुटवलबाट काठमाडौं नै जाने चलन थियो । ठूलो समाज आफ्ना ज्ञातीवर्गहरूका साथ तानसेन अथवा बुटवलबाट काठमाडौं पुग्नु गृहस्थिहरूको लागि ठूलो आर्थिक भारको कुरो हुन आउँथ्यो । चुडाकर्म पनि नगरी नहुने कर्म भएकोले गरीब हरूले ऋण गरी घरखेत डिग राखी आफ्नो सामाजिक रीति कुलधर्म अथवा परम्परा चलाइ आएका थिए । यसै सिलसिलामा तानसेनबाट बुद्धिलालका साथै अन्य व्यक्तिहरू आफ्ना छोरा नातीहरूको चुडाकर्म गर्न काठमाडौं आएका थिए । उनीहरू फिर्ता हुने बेलामा उनीहरूका साथ लागी वैशाख पूर्णिमा पछि तानसेन आएँ । त्यसवर्ष पुरुषोत्तम महीना परेकोले पुरुषोतम महीना छल्नलाई फेरि पोखरा गएँ । जेठ महीनाको हिंडडुल भएकोले आँदिखोलाको मलेरियाले ग्रस्त पार्‍यो र २ महीना जति ओछ्यानमै थलिलएँ । धर्मशीला, विरति र संघमित्रा ले म अशक्त भएको बेलामा अति परिश्रमका साथ मेरो उपस्थान सेवा



Downloaded from http://dhamma.digital

शुश्रूषा पुऱ्याउनु भयो । रोग निको भएपछि २००४ सालको वर्षावास तानसेनमा बित्यो । २००५ सालमा खेमाचारी श्रीलंकाबाट फर्कनु भयो । उहाँ कलकत्ताबाट भाइ अमृतानन्दको साथ लागेर तानसेन आउनु भयो । १५ दिन जति बसेर अमृतानन्द कलकत्ता जानुभयो । यता खेमाचारीको स्वास्थ्य बिग्रंदै गैरहेको थियो । उनको आमाले उनको यथासक्य सेवा शुश्रूषा पुऱ्याइन् । वर्षावास समाप्त हुनासाथ धर्मोदय सभाको लागि म कालिङ्पोङ्ग गएँ । कालिङ्पोङ्गमा तिस्टा को थाप्लैमा स्वप्यांग नाउँ भएको बस्तीमा तर्गलि गाउँ छ । वहाँ अतिनै श्रद्धालु एउटा साधुलामा थियो । उनकी मागन्धी नाउँकी छोरी थिइ । छोरी अनागारिका भैसकेकी थिइन् । ४ दिन जति उनै अतिनै श्रद्धालु लामाको अतिथि भएर बसें । त्यसपछि कालिङ्पोङ्ग एघार मीलमा भाजुरत्न साहुको घरमा महिना दिन जति बसें । धर्मोदय पत्रिकाको लागि यथासक्य सहयोग गर्दै रहें । धर्मोदयको सभा बस्ने खवर आएकोले अनिरूद्ध, सुशीला र म हामी तीनजना सभामा उपस्थित हुन कलकत्ता पुग्यौं । त्यसैबेला अग्रश्रावक सारी-पुत्र र मौगद्ल्यायन भन्तेहरूको अस्थिधातु कलकत्ता आइपुगेको थियो । त्यसको दर्शन गर्ने मौका पनि पाइयो । सभाको कार्य समाप्त भएपछि धर्मलोक भन्ते र सुबोधानन्द भन्ते दुवैलाई लिएर बुटवल आएँ । बुद्धराज उपासक नानीमाया उपासिकाहरूले बनाउनु भएको पद्म चैत्य विहारमा संघदान कार्य भयो । संघदान कार्य समाप्त भएपछि धर्मलोक भन्ते र सुबोधानन्द दुबै काठमाडौं फर्कनु भयो । प्रज्ञारश्मि र म हामी दुवैले हिउँद बुटबलमै वितायौं । यता खेमाचारी अमलचित्तको रोगले थलिनु भएको थियो । भाई



Downloaded from http://dhamma.digital

अमृतानन्दले रोगीको हेरचाह गर्दै रहनु भएको थियो।धर्मोदय सम्बन्धित कार्यले गर्दा उहाँलाई कालिङ्पोङ्ग जानु पर्‍यो । अमृतानन्द जानुभएको २ सातामा खेगाचारी यो लोक छाडी परलोक हुनुभयो। बर्मा र लंकाको दाह संस्कार विधी अनुसार उहाँको संस्कार गरी दिएँ । २००६ सालमा बुद्धरक्षित नाउँ गरेका (बङ्गाली) भीक्षु र संघरक्षित नाउँ गरेका अँग्रेज श्रामणेर दुइ जना तानसेन आउनु भएको थियो। तत्कालिन राणा शासन कालमा पनि स्थानिय शिक्षा प्रेमी युवा बिद्यार्थीहरूले निर्भिकता पूर्वक जनसहयोग बटुलेर धवल पुस्तकालय को संचालन गरी राखेकोमा उहाँहरूले अतिनै प्रसन्नता ब्यक्त गर्नु भएको थियो । उहाँहरूको साहसिलो अभिव्यक्ति धवल पुस्तकालयको आगन्तुक पुस्तिकामा देख्न सकिन्छ । उहाँहरू टक्सारमा १ महीना जति बस्नु हुँदा अत्यन्त प्रभावकारी र सुगम रूपले धर्म उपदेश गर्नु भयो र शीलगुठी नाउँको एउटा संस्था खडा गरेर १ महीनापछि वहाँहरू आफ्नो देशमा फर्कनु भयो । २००६ सालको वर्षावास तानसेन मैं भयो । श्रावण महिना भरि धर्म उपदेशमा ब्यतित भयो। श्रोता गणहरूको अभिरूचि बढ्दै गएकोले श्रोताहरूको संख्या दिन परदिन वढन थाल्यो। पूर्णमान शाक्यसित राय सल्लाह लिएर शीलगुठीको तत्वावधानमा एउटा शील पाठशाला पनि स्थापित भयो । त्यस वर्षको वर्षावासपछि भ्रमणमा हिंडे । यस भ्रमणको क्रममा दिल्लीको बिरला मन्दिर हेर्ने मौका पाएँ। बुटवल फर्केर प्रज्ञारस्मिसंगै तौलिहवा कपिलबस्तु नगर हेर्न पुगें । त्यसपछि बुटवल आइ माघ महिना उहीं बिताएँ । माघ पूर्णिमा समाप्त भएपछि तानसेन आएर शील पाठशालाको सञ्चालन र सुव्यवस्थातिर लागें । २००७ सालको वर्षावास



Downloaded from http://dhamma.digital

महाचैत्य विहारमा भयो । श्रावण महिना भरि धर्मदेशनामा व्यतित भयो । पुरूषोत्तम महिना (मनमास) भरि चुन्दले कथा सुनाउनु भयो । दुतिय दर्षाबासको लागि बुद्धघोष र शुदर्शन श्रामणेरहरू तानसेन श्राउनु भएर टक्सारको बिहारमा निवास गर्नुभयो । वर्षाबास समाप्त भएपछि भिक्षु बुद्धघोष श्रानन्द बिहार पाल्नु भयो म टक्सारको विहारमा गएँ ।

## २००७ सालको स्मरण

वर्षाबासपछि मेरो सारनाथ जाने प्रोग्राम थियो तर त्यसबेला-को कांग्रेसको हलचलले गर्दा जान सकिएन । २००७ सालले नेपालको राजनैतिक इतिहासमा बडो महत्वपूर्ण स्थान राख्दछ । एकतन्त्री राणा शासनको विरूद्ध चेतनशील समाज जुर्मुराउन थालेका थिए । भारतमा अंग्रेजी शासन हटिसकेको थियो । स्वतन्त्रता र प्रजातन्त्रको हावा र प्रकाशले नेपालमा पनि छचल्का हान्न लागिरहेको थियो । उत्तरमा चीन देशका जनता कम्युनिष्ट पार्टी र माश्रोत्सेतुंगको नेतृत्वमा दुःख दारिद्रय रोग भोग शोक ल्याउने पुरानो परम्परावादी सामाजिक व्यवस्थाको जुश्रालाई काँधबाट झिल्काउन जनताले ठूलो भूकम्प डाकिरहेको थियो । उत्तर र दक्षिणको छिमेकी राष्ट्रहरूमा यस्तो राजनैतिक नवजागरण श्राइरहेको बेलामा दुई ढुङ्गा बीचको तरूल जस्तै भएर उभिएको नेपाल नबिउझि सुतिरहन सक्तैनथ्यो । त्यसैले । २००७ सालको वर्षलाई राजनैतिक उथल पुथल र राजनैतिक क्रान्तिको वर्ष भनिन्छ । नेपाल भरि २००७ सालमा कहाँ के के भयो भन्ने इतिहास लेख्ने प्रस्तुत पुस्तकको उद्देश्य नभएको हुँदा तानसेनमा



Downloaded from http://dhamma.digital

यसले ल्याएको हलचल र घटनाको संक्षेपमा चर्चा गर्नु मात्र न्यायसंगत देख्छु । २००७ सालको पौष १८ गते नेपाली कांग्रेसको झण्डा लिएर तानसेनका युवक युवतीहरू जुलुसको रूपमा निक्ले । नारा लगाएर जुलुसको रूपमा नगर परिक्रमा गर्नु पाल्पाली जनताको लागि बिल्कुलै नौलो कुरा थियो । कसैलाई भय लागेको थियो भने कसैलाई उत्सुकता र कौतुहल, कसैले यसको अर्थ बुझेका थिए भने कोही साह्रै साहरामा क्रान्तिकारी र प्रगतिशील बन्न पुगेका थिए । यसको लक्ष प्रष्ट थिएन; नेताहरूको लक्ष प्रष्ट थिएन । टुडिखेलमा ठूलो आमसभा भयो । विराटनगर राणा शासनको हातबाट फुट्कने अन्तिम चरणमा थियो । राणा शासन अन्तरगतका सिपाहीहरूको हौसला चौपट भैरहेको थियो ।

पाल्पाका चीफ साहेब रूद्रसम्सेर जङ्गबहादुर राणामाथि श्री ३ सरकार (तत्कालीन प्रधानमन्त्री) मोहन सम्सेर ज.ब.रा. र राणा प्रशासनको विश्वास नभएकोले नङ्ग्रा र दाँत फुकालि दिएको बाघ जस्तै रूद्रसम्सेरलाई तुल्याइएको थियो । राणाहरूको प्रतिनिधित्व जनरल प्रचण्ड सम्सेर ज.ब.रा. तथा कर्नल क्षत्रविक्रमले गरीरहेका थिए । २००७ सालको पोष २१ गतेका दिन प्रचण्ड सम्सेर तथा क्षत्रविक्रमले जनताका नेताहरूका सामु हातहथियार सुम्पेर आत्म समर्पण गरे । नेपाली कांग्रेसको तर्फबाट रूद्रसम्सेर नै पाल्पाको गवरनर भए । १६ जवान अस्थाइ मन्त्रीमण्डल बन्यो । त्यसबेलाका नेता तथा प्रशासकहरूको राजनैतिक चेतनाको स्तर तथा उनीहरूको क्रान्तिको उद्देश्यहरू रूद्रसम्सेरले हर्षले आँखाबाट आँसु झार्दै जनता छेउ दिएको भाषणबाट प्रष्ट हुन जान्छ:—



Downloaded from http://dhamma.digital

"आज ९ दिन भयो मैले तित्राको मासु खान पाएको छैन। मलाई तपाईहरूसित भेटेर मनको धोको पोख्न पाएकोमा साह्रै नै खुशी लागेको छ।"

डा. त्रिवेणी प्रसाद प्रधानले झ्यालमा बसी सिगरेट पीरहेको बखतमा गवरनर रुद्र सम्सेरको सवारी भयो। डाक्टरले उनको अगाडी अदब केही नदेखाएकाले गवरनरको अहंकारमा ठूलो ठेस लाग्यो। अगाडि उभिएको घोड़े डिट्ठालाई अपशब्दका साथ हुकुम भयो "तान उसको कान।" मुखबाट हुकुम फुटकन मात्रै बेर थियो उनको हात डाक्टरको कानमा पुगी हाल्यो। नयाँ जनकल्याणको योजना व्यवस्थातिर लाग्नुको बदला नेताहरूको ध्यान पनि यतातिर लाग्न थाले तानसेनको बजार भरी हडतालको आह्वान गरियो। हडताल भयो। चीफ साहेबले माफि मागे डाक्टर त्रिवेणीको नाक रह्यो। २००७ सालको क्रान्ति सफल भयो।

नेपाली कांग्रेसका अग्रगण्य नेता मातृका प्रसाद कोइराला आउनु भयो १६ जनाको मन्त्रीमण्डल विघटन गरेर ४ जनाको सल्लाहकार सभागठन गरेर जानुभयो। चीफ साहेबले गवरनरको रूपमै स्थानीय प्रशासन चलाई राखे।

अब तत्कालीन राजनैतिक उथल पुथलका कुराहरूलाई यहीं बिताएर आफ्नै विषमतिर लागौं। त्यसैबेला विवेकानन्द तथा अग्गधम्म श्रामणेरलाई उपसम्पदा पदवि प्रदान गर्ने समारोहमा काठमाडौं आइपुग्न भनी मलाई अमृतानन्दले खबर पठाउनु भयो। खबर पाउने बितिकै माघ पूर्णिमाको दिन लाई आनन्द कुटी पुगें।



Downloaded from http://dhamma.digital

भोलिपल्ट संघ उपोसथ भयो। प्रज्ञानन्द भन्तेले संघहरूबाट थेर-सम्मुतिको लागी अनुरोध गर्नु भयो । संघले वहाँलाई थेरपदवी प्रदान गर्‍यो। अर्कोदिन विवेकानन्द र अग्गधम्म श्रामणेरहरूलाई उपसम्पदा पदवी प्रदान भयो। त्यसपछि श्री सुमंगल विहारमा गएर प्रथम सीमा बद्ध भयो । त्यसको भोलिपल्ट संवर तथा सुमन श्रामणेरहरूलाई उपसम्पदा प्रदान भयो। त्यसँवर्ष मैले पनि संघसँग निस्सय सम्मुति प्रार्थना गरें ।

श्रीलंकाबाट पाल्नु भएका ज्ञानरत्न भन्तेहरूले बडो धुमधाम संग काठमाडौंमा धर्म देसना गर्नु भयो। यो हामी बौद्धहरूको लागी महान अभूतपूर्व र अद्वितिय घटना थियो। यसप्रकारको थेरवादी विधि विधान अनुसार यस प्रकारको उपसम्पदा प्रदान गर्ने कार्य २ हजार वर्ष यता नेपालमा कहिल्यै भएको थिएन र २००८ सालको बुद्ध जयन्ती मनाउनलाई तानसेनमा कुनै पनि भिक्षुहरू नहुनु भएकोले देवदहको दर्शन गरेर तानसेन आइपुगें। यही २००८ सालमा मैले उपसम्पदा प्राप्त गरेको १६ वर्ष पुगेको तथा कार्तिक २५ गते कुमार तथा विमला नन्दले उपसम्पदा प्राप्त गर्नु भएकोले यो वर्ष विशेष महत्वपूर्णको थियो । वर्षावास आनन्द विहारमा भयो। श्रावणको पहिलो पक्षसम्म आनन्द विहारमा र दोश्रो पक्षमा महाचैत्य विहारमा धर्म देसनाको कार्य भयो।

तानसेन र भोजपुरका बौद्ध समाजको लागि पनि यो २००८ सालले विशेष ऐतिहासिक महत्व राख्दछ। त्यसबेला काठमाडौंबाट टाडा रहेका धनी गरीब सारा बौद्ध समाजको बालकहरूको चूडाकर्म



Downloaded from http://dhamma.digital

गर्नलाई काठमाडौंमै आउनु अनिवार्य थियो । टाढाबाट आउनु पर्ने आर्थिक भारले गर्दा ऋणले गर्दा टाठ हुनु पर्ने; वालकको कर्म चलाउन नसके समाजमा हेय हुने आदि कठिनाइले गर्दा ऋणकातेर घरखेत डिग हालेर पनि चूडाकर्मको लागि काठमाडौं जाने चलन थियो ।

समाजको सुविधा र सुव्यवस्था कायम गर्ने उद्देश्यले अमृतानन्द, सुबोधानन्द र म हामीहरू विन्तिपत्र लिएर तत्कालीन श्री ५ महाराजाधिराज त्रिभूवन वीर विक्रम शाहदेवको दर्शन गर्न नारायण हिटी दरबारमा गयौं । त्यसैवेला देखि चूडाकर्म गर्नलाई काठमाडौं सम्म धाइरहनु पर्ने चलन हट्यो ।

## सारिपुत्रको अस्थिधातु

२००८ सालैमा अग्रश्रावक सारिपुत्र तथा मौद्गल्यायन भन्तेहरूको अस्थि धातु उत्सव काठमाडौंमा अभूतपूर्व रूपले भयो । त्यसैले पनि यो बर्ष नेपालको लागि बिशेष महत्व पूर्ण छ । भाइ अमृतानन्द तथा सुवोधानन्दले अग्रश्राबक सारिपुत्र तथा मौद्गल्यायन भन्तेहरूको अस्थिधातु उत्सवको लागि काठमाडौं आइपुग्न भनी मलाई खबर पठाउनु भयो । दुई पटकसम्म अस्थिधातु दर्शन गरी सकेको हुदा काठमाडौं जाउं या नजाउँ दोमन भएको थियो । फेरी "यो धातु उत्सब अद्वितिय हुनेछ सारा संघहरूको यसमा भेला हुनेछ" त्यसैले तपाईं पनि आउनु होस् भनेर सुबोधानन्दले खबर पठाउनु भयो । चुन्दलाई साथलिएर ५ दिनको दिन काठमाडौं श्रीघ विहारमा पुगें । वहिं भाई सुबोधानन्द संग भेट: भयो; कुशल बार्ता भयो । आनन्द कुटिमा भाइ अमृतानन्दसंग भेट भयो; तान्सेनको हाल खबर सुनाएँ कुशल वार्ता भयो । २००८ साल कार्तिक २० गते



Downloaded from http://dhamma.digital

का दिन हवाई जहाजबाट गौचर बिमान घाटमा श्रावक धातु आइ पुग्यो।

श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाह देव सहित सारा नेपालका भिक्षु अनागारिका उपासक उपासिकाहरू बौद्ध झण्डा पताकाका साथ बाजा गाजाका ध्वनिले वरिपरिको वातावरणलाई गुँजायमान पार्दै जुलुसको रूपमा गौचर अड्डा पुगेर ३१ टोपको सलामिद्वारा अस्थिधातुको स्वागत गर्ने कार्यक्रम सम्पन्न भयो। गौचर देखि टुंडिखेलसम्म मानिसको सागर उम्लिरहेको थियो। टुंडिखेलको परिक्रमा गरेर जुलुसले नारायणहिटि दरबारमा प्रवेस गऱ्यो। धातु नारायणहिटि दरबारमा २ दिन सम्म रह्यो। श्री ५ वडामहारानी सरकार तथा अन्य राजपरिवारका सदस्यहरूबाट दर्शन गरीबक्सेपछि कार्तिक २२ गतेका दिन टुंडिखेलमा सुसज्जित गरिएको मण्डपमा धातुलाई स्थापित गरियो। श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेवको अध्यक्षतामा विशाल सार्वजनिक सभा भयो। यस सभामा श्रीलंका, बर्मा, भारत, कम्बोडिया आदिका भिक्षुहरूले पनि भाषण गर्नुभयो। अध्यक्षको भाषण प्रमुख वक्ताहरूको भाषणको समाप्तिपछि भयो। तत्कालिन युवराजाधिराज श्री ५ महेन्द्र वीर विक्रम शाहदेवलाई धातु हस्तान्तरण गरिएपछि जुलुसकासाथ धातु आनन्दकुटी लगियो। २३ गतेको दिन विहान श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेव आनन्दकुटीमा सवारी भयो र बुद्ध पूजा गरीबक्सीयो। धेरै जनसमूहले अस्थिधातुको दर्शन गरे। २४ गतेका दिन श्री ५ महाराजाधिराजबाट ३६ जना भिक्षुहरूलाई राजदरबारमा परिष्कार सहित भोजन दान गरी



Downloaded from http://dhamma.digital

बक्सियो । कार्तिक २९ गतेका दिनसम्म अस्थिधातु जनसमूहको दर्शनका लागि आनन्दकुटीमा राखियो । तत्पश्चात मार्ग १ गते बृहद जुलुसको रूपमा लगे । ललितपुर पाटनको नाग बहालमा २ दिनसम्म राखियो । मार्ग २ गते दिनको ४ बजेतिर नागबहालबाट श्री सुमंगल विहारमा १ रात स्थापना गरियो । अर्को दिन मार्ग ३ गते पाटनबाट भक्तपुर लगियो । १ दिन भक्तपुर राखेर १ घण्टासम्म बनेपाका जनताको दर्शनको लागि बनेपामा राखेरछि जुलुसकासाथ कान्तिपुर (काठमाडौं) श्रीघः विहारमा राखियो । काठमाडौंका जनसमूहले दर्शन गरेपछि मार्ग ७ गतेका दिनको १२ बजे श्रीसाहु भाजुरत्नको घरमा अस्तिधातु ल्याइयो । त्यहाँ सम्पूर्ण परिवारका सदस्यहरूबाट दर्शन गर्ने र दक्षिणा चढाउने कार्य सम्पन्न भएपछि श्री ५ महाराजाधिराज समेतको सवारी गौचरसम्म भयो र हवाई जहाजमा राखेर अस्थिधातुलाई विडा गरियो । यस धातु उत्सवका लागि श्री ५ महाराजाधिराजबाट ५ हजार रूपैंया दक्षिणा चढायो र एउटा सिंगै हवाइजहाज बक्स्यो । हवाइजहाजले गौचर बिमानघाट छाडनुभन्दा अघि श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेव तथा सम्पूर्ण भिक्षुहरूको एउटा ग्रुप फोटो लिइयो । यस अग्रश्रावक धातु नेपालमा ल्याउन लाइ अमृतानन्दले निकै प्रयत्न गर्नु भएको थियो । यसले जनहृदयमा बौद्ध धर्मप्रति निकै आस्था र श्रद्धा जगायो र थेरवादि बौद्ध धर्मको प्रभाव नेपालमा गहिरेर गयो ।

## यत्र तत्र भ्रमण

काठमाडौंको एक महिना वासपछि विरति, रत्नमंजरी, चन्द्र-



Downloaded from http://dhamma.digital

कुमारी ( उप्पलवर्णा ) सहित पटना आयौं। त्यहाँको म्यूजियम हेर्न गयौं। बर्माजाने उद्देश्यले कलकत्ता गयौं। महाबोधि सोसाइटीमा पुगेपछि आवुसो अनिरुद्ध सित भेट भयो। उनीलाई लिएर बर्मा कन्सुलेटमा पासपोर्टको लागी गयौं। पासपोर्ट प्राप्त गर्न नसकी एकोले १ महिना जतिको कलकत्ता वास पछि विरतिलाई उहीं छाडी रत्नमजरी, चन्द्रकुमारी ( उप्पलवर्णा ) सहित बम्बै आयौं। बम्बैको परेलमा बहुजन विहारमा बस्यौं। श्रीलंकाका धम्मानन्द तथा बर्माका उ कोविद भिक्षुहरूसित भेट भयो। त्यही दिन श्रीलंकाका यात्रीहरूको एकदल त्यहां आइपुग्यो। उही दलमा ३ जना भिक्षुहरू पनि हुनुहुन्थ्यो । यही २००८ सालको पौष २६ गते आइतवार प्रतिपदाका दिन श्रीलंकाका श्रीमेधंकर नायक भन्तेबाट चन्द्रकुमारी लाई अनागरिका वनाइयो र उप्पलवर्णा नामकरण भयो। बम्बैको ४ दिनको बसाइमा अजन्ता गुफा हेर्ने मौका पाएँ। यो भारतको ऐतिहासिक दर्शनिय स्थान हो। यहाँ २८ गुफाहरू छन्। प्रत्येक गुफामा भगवान बुद्धका मूर्तिहरू छन्। प्रत्येक गुफामा हजारौं हजारौं मानिस अटाउन सक्छ। त्यहाँबाट इलाहावाद-कटिहार, जोगवनी हुँदै विराटनगर हुँदै धरान आइपुगें। त्यहाँ हर्षबहादुर साहुकहाँ वसियो बराह क्षेत्र पनि हेर्न गएँ। ५ दिनपछि धरानबाट देवराज शाक्यलाई साथमा लिएर भोजपुर हिंडे। त्यहाँ शाक्यमुनि विहारमा आवुसो विवेकानन्दसंग भेट भयो। भोजपुरमा मेरो तेश्रो आगमन थियो।

२००९ साल चैत्र १ गते भोजपुर टक्सारका निवासीहरूमाथि ठूलो वियत्ति आइलाग्यो। त्यस दिन दिउसोको १ बजेतिर बतास



Downloaded from http://dhamma.digital

चलिरहेको वखतमा निस्केको आगोले २०।२५ घर डढ़ेर भस्म भयो। जनतालाइ अति नै कष्ट भयो। धर्मादाको सहयोग तथा नेपाली कांग्रेस कार्यालयको सहयोगले गर्दा अग्निपीडितहरूको घर निर्माण भयो र यसै वर्ष भोजपुर टक्सारमा एउटा उपासिकाराम पनि तैयार भयो। यस वर्षको आषाढ ३ गते चैनपुर गएर १५ दिन जति बसें, धनकुटा भएर धरान आएर १५ दिन जति व्यतीत गरें। विराटनगर-मा रत्नमायाका घरमा भोजन गरेपछि जोगवनी भै कटिहार आएँ। बबासीर रोगले ग्रस्त भएको हुँदा पंजाबी हकिम गुरूदत्त सिंहको उपचार गर्न देउरिया ४ दिन जति बसें। विराटनगर फर्केर श्रीसम्पत्तिको घर रातभर बसी धरानमा हिरामायाको घर आइँ त्यहाँबाट विडा भएर धनकुटा हुँदै तेह्रथुमको म्याग्लुंग बजार गएँ। १७ दिन बसेपछि चैनपुर हुँदै फेरि भोजपुर आएँ। भोजपुर बासी बौद्ध जनहरूका लागि २००९ साल आश्वीन २६ गते वाडो शुभ दिन थियो। त्यसै दिन त्यहाँको उपासिकारामका श्रद्धालु उपासक तथा उपासिकाहरूले चारै दिशाबाट आउने अनगारिकाहरूका लागि गरेको प्रदान सम्बन्धी पुन्यकार्य समाप्त गरेका थिएँ।

२०१० सालको वर्षावास पूर्व ६ नं. चैनपुरको नारायण सिद्ध विहारमा भयो। यस वर्ष पुरूषोत्तम महिना पनि परेको थियो। त्यसैले उक्त महिना धर्मोपदेशमा व्यतित भयो। बैशाख पूर्णिमाको दिन बुद्धजयन्ती बडो राम्रोसंग मनाइयो। एक महिनासम्म सिद्ध विहारमा धर्मदेसना भयो। यहाँको ज्ञानमाला संघले सिद्धार्थको जीवनसंग सम्बन्धित नाटकको आयोजना गरेर नाटक प्रदर्शन गरे।



Downloaded from http://dhamma.digital

६ महिनाको मेरो चैनपुर बसाइमा उपासक धनबहादुर शाक्य जुद्धपति शाक्य, अष्टराज गुरूजु, चन्द्रज्योति, शीलज्योति, वीरबहादुर, सुभद्रा देवी, हिरादेवी, हर्षमायाहरूको निकै श्रद्धा देखियो । यस प्रकारले बौद्ध धर्मप्रति आस्था र श्रद्धा राख्ने रुचि लिने व्यक्तिहरूको संख्या बढन थाल्यो वर्षावासपछि चैनपुरका दाता दायिकाहरूबाट बिदा भएर भोजपुर आएँ । तिहारपछि बौद्ध चारधाम यात्रा गर्ने योजना बनाएँ । विद्यालक्ष्मीको साथमा चारधामको यात्रा समाप्त गरेपछि मार्गको पूर्णिमापछि सुसिला, उप्पलवर्णाहरूलाई लिएर भारत भ्रमणमा लागें । सर्वप्रथम नौतन्वाको विहारबाट प्रस्थानपछि कपिलवस्तुमा ४ दिन बसें; बलरामपुर, जेतवन अयोध्या गोण्डा नेपालगंज, वहराइच, कोइलावास, झण्डि नगर हुँदै ऋण्डि नगरको १ महिनाको बासपछि करीब डेढ़ महिनामा बुटवल आयौं । एक महिना बुटवल विस्तार भएपछि चैत्र २४ गते २०१० को दिन तानसेनको आनन्द विहार आइपुगें । त्यहाँ भर्खरै बनेको नयाँ विहारलाई देखेर मेरो मन अतिनै आनन्दित भयो । प्रेममान, नीलकाजी तथा अन्य सहयोगीहरू जसको उत्साह र अथक परिश्रमले यो विहार बनेको थियो उनीहरूलाई धन्यवाद दिएँ ।

२०११ सालको कार्तिकमा छट्ठसंगायन दुतीय संनिपातको लागि बर्मा जाने कार्यक्रम बन्यो । तानसेन वासीहरूबाट बिदा भै कलकत्तामा मणिहर्ष जोति साहुको घर अतिथि हुन पुगें । लक्ष्मीपूजाको उत्सव हेरे; बर्माको लागि पासपोर्ट लिएँ । काठमाडौंबाट विवेकानन्द आउनु भयो । वर्मा कन्सुलेटमा गएर बर्मा भिसा लिएँ । हैजाको



Downloaded from http://dhamma.digital

बचावटको सूइ लिएँ; माइरोगबाट बचावटको लागि खोपाएँ। इन्कम टैक्सको बाँकी बक्यौता नभएको प्रमाण पत्र लिएँ। त्यसै दिन भारू १८५/ तिरेर हवाइजहाजको एउटा टिकट लिएँ। पहिलो पटक पानी जहाजको यात्रा गरेर बर्मा पुगेको थिएँ। यस पटक हवाइजहाज यात्राको प्रथम अनुभव भयो। नवेम्बरको १३ तारिखको दिन हवाइ-जहाजमा बसेर उडे। तल पृथ्वीमा हेर्दा समुद्रको जलैजल देखिन्थ्यो; समुद्रको माथि रूवाको रास पोखिएझैं जताजतै बादलका टुकडाहरू छितरिएको देखिन्थ्यो। हवाइजहाज आराकानमा एकपटक ओर्लियो। एकछिनपछि जहाज फेरी उड्यो साँझ ५ बजेतिर रंगुनमा पुग्यो। मोटरमा बसेर कभाए बुद्धशासन कन्सुलेटमा गएँ। विशुद्ध भन्ने र बुद्ध रक्षित भन्तेले बस्ने व्यवस्था मिलाइ दिनुभयो। पूर्व विदेह विहार-को भैंतलाको २५ नं. को कोठामा बसें। २५ नम्बरको दिन छट्ठ-संगायना दुतीय सन्निपात शुरू भयो। एक कोटीको लागतमा तयार भएको गुफाभित्र ७ सयजना भिक्षुहरू उपस्थित भएका थिए। गुफाभित्र दीर्घनिकाय, मज्झिमनिकाय, संयुक्तनिकायको पाठ भयो। अढाइ महिनापछि दुतिय सन्निपात समाप्त भयो। समाप्तिको दिन बर्माका महिला संघबाट सम्पूर्ण भिक्षुहरूलाई ६/६ पुस्तकहरू दान दियो। सन्निपातका लागि नेपाल भारत (आसाम, चटग्राम); कम्बोदिया, वियतनाम लाओस, स्याम (थाइलैण्ड); लंकाबाट आउनु भएका भिक्षुहरूलाई बडो सम्मानपूर्वक माण्डले; जेखाइ मेंकु आदि ठाउँमा परिभ्रमण गराए। दिसम्बर ३, ४ र ५ तीनदिनसम्म बर्माको तृतीय विश्व बौद्ध सम्मेलन भयो। जम्मा ३० देशबाट भिक्षुहरू यसमा सम्मिलित भएका थिए। चतुर्थ विश्व बौद्ध सम्मेलन नेपालमा गर्ने निर्णय



Downloaded from http://dhamma.digital

भयो र दुतीय सन्निपात समाप्त भएपछि विवेकानन्द, बुद्धघोष, धम्मानन्दहरूलाई बर्मामै छाड़ी हवाइ मार्गबाट रंगुन—कलकत्ता हुँदै तानसेन आइपुगें। २००८ सालमा तत्कालीन श्री ५ महाराजाधिराज त्रिभुवन वीर विक्रम शाहदेवका जुनाफमा चूडाकर्मको लागि काठाडौंसम्म धाउनु नपरोस भनेर विन्ती पत्र टक्राएको थियो। २०११ साल ८३ जना २०१२ सालमा १४८ जनाको चूडाकर्म तानसेनमै भयो। यो सामाजिक धार्मिक तथा सांस्कृतिक दृष्टिले बडो महत्वपूर्ण रह्यो। तानसेनमै २०१२ सालको वर्षावास समाप्त गरेपछि बुटवलबाट महानन्दी, शीलाचारी, विवेकाचारी तीनजनाकासाथ भारत भ्रमणमा हिडें। बम्बई, एलौरा, अजन्ता सांचि, आग्राको ताजमहल, मथुरा, बृन्दाबन, डिल्ली, कुशीनगर भ्रमणको वर्ष रह्यो।

२०१३ सालमा २५ सयवाँ बौद्ध जयन्ती बैशाख पूर्णिको दिन तानसेनमा धूमधामसाथ मनाइयो। यसै वर्ष काठमाडौंमा चतुर्थ श्विवबौद्ध सम्मेलन भयो। तानसेनमा वर्षावास समाप्त गरेपछि करूणा सुसिलाहरूकासाथ भारत भ्रमणमा हिडें। यस भ्रमणको सिलसिलामा साँचि, अजन्ता, एलौरा, बम्बई, आग्रा, डिल्लीको भ्रमण पनि भयो। आग्रामा ताजमहल हेरेपछि डिल्ली हुँदै संकस्स (फरूखावाद) हुँदै कुशीनगर आइपुग्यौं। यस भ्रमणपछि महानन्दी, शीलाचारी, करूणा, सुशीलाहरूकासाथ चतुर्थ विश्वबौद्ध सम्मेलन हेर्न काठमाडौं पुग्यौं। यस सम्नेलनको लागि श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहबाट ३ लाख रूपियाँ बक्सेको मार्ग ६ गते हवाइजहाजबाट भैरहवा आइ लुम्बिनी दर्शन गरी मार्ग ७ गते २ बजेतिर सुदर्शन



Downloaded from http://dhamma.digital

श्रामणेरकासाथ बुटवल पञ्चचैत्य विहार आइपुगें। यही बसेर हिउँद भरि विशुद्धि मार्गग्रन्थको अध्ययन गर्दै लगें। यसले मन अतिनै आनन्दित भयो। एकाएक २०२९ सालमा गएर मलाई बौद्धग्रन्थ बाहेक अन्यान्य ग्रन्थ पनि हेर्ने अध्ययन गर्ने उत्सुकता जाग्यो। विभिन्न दर्शन सिद्धान्त सम्बन्धी ग्रन्थहरूको जानकारीले विचार र दृष्टिकोण-को दायरालाई फराकिलो पार्दछ। विचारमा एकोहोरो सोचाइ हुंदैन। एक अर्काको सिद्धान्तमा समानता, असमानता, वैज्ञानिकता, रूढीवा-दिता, अन्धश्विास के कति मात्रामा रहेछन्; मानिसको मनबुद्धि र संस्कारमा तिनले के कति प्रभाव पारेको छ र पार्न सक्छ आदि बिषयमा चिन्तन मनन गर्न प्रशस्त सहायता प्राप्त हुन्छ। यसै सिलसिलामा योग वाशिष्ट, ब्रह्मसूत्र, विवेक चूडामणि, विचार चन्द्रोदय, कोमलगीता, पञ्चिकरण, तत्वचिन्तामणि, अष्टाबक्रगीता, यथार्थवोध, आगमशास्त्र, पातञ्जलियोग, सुखीजीवन, शिवस्वरोदय, हठयोग सम्बधि ग्रन्थहरूको अध्ययन गर्ने मौका पाएँ। यी ग्रन्थहरूको अध्ययनले गर्दा ब्राह्मण क्षत्री आदिहरूसित धर्म सम्बधि सम्वाद गर्न अति सुविधा भयो। सामाजिक सुधार जागृति तथा साहित्यिक हलचललाई लिएर पाल्पा जिल्लाको लागि २०१६, २०१९, २०२१, २०२२ २०२३, २०२८ बडो महत्वपूर्ण वर्षहरू भए।

२०१६ सालमा श्रामणेर सुदर्शनको अथक परिश्रमले तानसेन बासी तथा ज्ञानमाला संघका सारा सदस्यहरूको जाँगरलाई कुत-कुत्यायो। नेवारी भाषा भाषीहरूको प्रधानता भएको तानसेन जस्तो जागृत तथा चेतनशील जनसमूहबाट नेवारी भाषा साहित्य संस्कृति लोप हुँदै गइरहेकोले नेवारी भाषालाई वोलचालको भाषाबाट साहित्य



Downloaded from http://dhamma.digital

र संस्कृतिको क्षेत्रमा उतारेर यसको परिधी विस्तार गर्नु पर्ने कुरालाई २०१६ सालले तानसेन बासीका हृदयमा अमित छाप छाडेको छ। यसैवेला यहाँ वृहत नेपाल भाषा साहित्य सम्मेलन भयो। काठमाडौं-बाट श्री केदारमान व्यथित, कुञ्जवहादुर, कान्छागुजु आदिहरूको नेतृत्वमा "नासः खलः" आएको थियो। नेवारी साहित्य र संस्कृतिको उत्कृष्ट नमूना यसले पेश गऱ्यो। यसले गर्दा नेवारी भाषाको उत्थानको लागि "नेपाल भाषा समिति" को गठन भयो। केही लेखक लेखिकाहरूका भावनालाई कुतकुत्यायो र यिनीहरूलाई साहित्यिक क्षेत्रको प्रकाशमा ल्यायो।

२०२२ सालमा सुनौलि, पोखरा, राजमार्ग अर्थात सिद्धार्थ राजमार्ग भएर पहिलो पटक तानसेनमा जीप गाडीहरू आए। पहाड को टुप्पामा बसेर चुरे पर्वतका अग्ला अग्ला लहरदार टाकुराले छोपेको तानसेनमा मोटर गाडी आइपुग्ला भन्ने कति बुढा बुढीहरूले चिताएका पनि थिएनन्। अग्ला अग्ला पहाड र भीरलाई देखेर एक पटकत असंभव नै देखिन्थ्यो। ३–४ दिन लगाएर आंइमाई केटा केटिहरू बुटवल पुग्ने गरि रहेकोमा डेढ घण्टामा पुगिनाले समाज को मानसिक धरातलमा नयाँ उथल पुथल ल्याउन थाल्यो। बतुंङवाट तानसेनसम्म हिंडेर आउन पनि अल्छि र परिश्रमी बनाई दियो। हो यसले छिटो आवागमनको बाटो खोलि दियो। साग सब्जीको अनिकाल पर्ने तानसेनमा मधेसका फूलगोभी, टमाटर, आलु, प्याज, स्याउ, अनारहरूको पसल दोकानहरू सजिन थाले। भरिया लगाएर २५ रू धार्नी ज्याला तिरेर ल्याउनु पर्ने मालहरू २।– २।५० रू. को भाडा तिरेर ट्रकहरूले छिटै ओसार पसार गर्न थाले। रानीघाटको



Downloaded from http://dhamma.digital

महत्व घटेर राम्दीबाटको महत्व बढ्न थाल्यो। मर्दा पर्दा पर्वमेलामा मानिसहरूको घुइचो राम्दीघाट तिर नै ओइरिन थाल्यो। परिवर्तन धेरै भयो। यो भन्दा १०–१२ बर्ष पछि जन्मने बालकहरूलाई २०२१ तथा त्यसभन्दा अगाडिको नेपालको स्थिति बुझ्न गाह्रै पर्छ।

२०२३, २०२८ सालमा तानसेनमा कल्प वृक्ष दान भयो। २०२३ मा १२ सय बाल बालिकाहरूलाई र २०२८ सालमा बुद्धसंबत २५१५ परेकोले २५१५ बालकहरूमाई कल्प वृक्ष बैशाख पूर्णिमाको दिन दान कार्य सम्पन्न भयो। बौद्ध धर्मको गतिविधी क्षेत्रको विस्तार कार्यक्रमको सिलसिलामा यसै वर्ष मकर संक्रान्तिको दिन पाल्पाको हुँगिगाउँमा ४५० जना बालकहरूलाई कल्पवृक्ष दान गरियो। २०१८ सालमा ऋदिमा बुद्धमूर्तिको स्थापना भएपछि करिव १० वर्षपछि हुँगिमा यो कल्प वृक्ष दान गर्ने काम सम्पन्न भएको थियो। कल्पवृक्ष दान वाहेक विभिन्न वर्षहरूमा महापरित्राण पाटहरु विभिन्न स्थानहरू मा भए। २०१६ मा बुटवलमा भएपछि २०१८ सालको पौष २३ गते देखि भोजपुरको शाक्यमुनि बिहारमा ५ दिनसम्म महापरित्राण भयो २०२० सालमा तानसेनमा, २०२३ मा आनन्दकुटी विहारमा भिक्षु अमृतानन्दबाट र २०२६ को कार्तिक २६ गते पोखरामा महापरित्राण भयो।

यी बिभिन्न धार्मिक क्रियाकलापले विभिन्न मानिसहरूमा बौद्ध धर्म प्रति श्रद्धा र विश्वास जगायो। २०२१ सालमा सारनाथमा सप्तम विश्व बौद्ध सम्मेलन भयो। २०२३ को वैशाख २१ गते तानसेन टक्सारको महाचैत्य विहारमा एउटा नयाँ बुद्धमूर्तिको स्थापना



Downloaded from http://dhamma.digital

भयो मूर्तिकार गणेशलाल शाक्यले आफ्नो श्रद्धा र विश्वासलाई बुद्ध मूर्ति को रूपमा ढालेर आफ्नो कलाकृतिलाई अभिव्यक्त गरे। कलाकार तलकमान महर्जनले यसमा रंग भरेर भावना र सौम्यलाई यस प्रतिमा मा अंकित गरिदिए। यसैवर्ष कार्तिक पूर्णिमाको दिन तानसेनको आनन्द विहारमा अर्को बुद्ध मूर्तिको स्थापना भयो। ज्ञान माला संघको तरफबाट महाप्रज्ञा बौद्धऋषिबाट निर्मित बुद्धमूर्ति यही विहारमा स्थापित भयो।

प्रत्येक वर्ष यथा समयमा धर्मदेशना र वर्षावासको क्रम अद्यापी चलाइ नै राखीएको छ। शेषमुनि, तीर्थकुमारी, सानुनिनी, राजकुमारी, सानुकाजी, नीलकाजी, दशरथकाजी, पंचमुनि, लक्ष्मीलाल र संतलक्ष्मी आदि श्रद्धालुहरूबाट प्रत्येक वर्ष व्यवस्थित रूपले वर्षावास राख्ने व्यवस्था भयो र २०२८ सालमा सानुकाजी, नीलकाजी शाक्य-हरूबाट (४१) त्रिपिटकका पुस्तक आनन्द विहारलाई प्रदान भयो। उहाँहरूको श्रद्धा र सकृयताले ज्ञानमाला संघका परिवारलाई कुत-कुत्यायो। परिणाम स्वरूप सारा श्रद्धालुहरूबाट प्राप्त सहयोगले ज्ञानमाला संघले बुद्ध दर्शन नाटक निकाले। यसबाट दान स्वरूप संकलन हुन आएको सम्पूर्ण रकम बौद्ध विहार अथवा बौद्ध अतिथि गृहको नव निर्माणमा लगाइएको छ। हाल यो बौद्ध अतिथि गृह विहार होलन्डीमा निर्माण हुँदैछ। यसको लागि अन्तराष्ट्रिय बौद्ध संगठनहरूबाट पनि रकम प्राप्त भएको छ।



Downloaded from http://dhamma.digital

यदि तपाइँ घरैमा बसी बुद्धधर्म विषयको सम्बन्धमा केही जान्न सिक्न चाहनु हुन्छ भने नेपालको सबभन्दा पुरानो बौद्धमासिक पत्र

## "आनन्दभूमि"

को

## ग्राहक बन्नु होस् !

**वार्षिक शुल्क केवल नेरू. ३०/-**
**आजीवन शुल्क केवल नेरू. ३००/-**

पत्र व्यवहार गर्ने ठिगाना–
व्यवस्थापक
**"आनन्दभूमि" कार्यालय**
**आनन्द कुटी विहार**
स्वयम्भू, काठमाडौं।
पो. ब. ३००७

Downloaded from http://dhamma.digital